अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** २०/०७८/०७९ **मितिः**२०७९/०३/०९

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**मिति २०७९ साल आषाढ ९ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

(१) आगामी आर्थिक वर्ष २०७९/०८० का लागि अर्जुनधारा नगरपालिकाको वार्षिक बजेट नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभाको एघारौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिकाको आर्थिक विधेयक, २०७९ स्वीकृत गरी नगर सभाको एघारौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

(३) चालु आर्थिक वर्ष २०७९/०८० को लागि यस अर्जुनधारा नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं ११ मा ह्युमपाइप खरिदका लागि विनियोजित बजेटमा रु ३० हजार बजेट बाँकी रहेको र ह्युमपाइप खरिद सम्बन्धि कार्य सकिएकाले सो बाँकि बजेटबाट धनमाया गुरुङ्गको घर छेउको कल्भर्टको दुई साइडमा माटो हाल्ने कार्यका लागि ११ नं वडा कार्यालयबाट प्राप्त सिफारिस बमोजिम उक्त बाँकी रहेको बजेटबाट धनमाया गुरुङ्गको घर छेउको कल्भर्टको दुई साइडमा माटो हाल्ने कार्यका लागि सोही उपभोक्ता समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका ७ नं वडा कार्यालयको मिति २०७९/०३/०२ को सिफारिस बमोजिम सो वडाका लागि चालु आर्थिक वर्षमा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा कार्यक्रमका लागि विनियोजित रु २ लाखबाट ७५ जनाको स्वास्थ्य विमा गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

(५) विगत केहि दिन यता अविरल रुपमा परिरहेको वर्षातका कारण हुन सक्ने क्षति न्यूनिकरण तथा प्रकोप व्यवस्थापनका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु १० लाख बराबरको तारजाली तथा रु ५ लाखको जि.आइ. पाइप खरिद गरी मौज्दातामा राख्ने निर्णय गरियो ।

(६) अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको मिति २०७८ साल मङ्सिर २४ को निर्णय बमोजिम अर्जुनधारा नगरपालिका वडा नं २ सहकालेमा रहेका बालबालिकाहरुका लागि बालशिक्षा व्यवस्था गरिएकोमा सो विद्यालयकी शिक्षिकाको रुपमा कार्यरत श्री मेनुका तामाङ्गलाई चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सहकालेमा बाल शिक्षिक व्यवस्थापनमा विनियोजित बजेट मध्येबाट २०७८ मङ्गसिर महिना देखि २०७९ आषाढ मसान्त सम्मको पारिश्रमिक बापत मासिक रु १० हजारका दरले भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(७) नगर कार्यपालिकाको कार्यालयमा प्राप्त निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम निम्न बमोजिम व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहयता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | | रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | देवीमाया खतिवडा वडा नं ५ राहत | हावाहुरीले घर भत्काएको | १० हजार | विपद् व्यवस्थापन कोषबाट |
| २ | विष्णुमाया लिम्बु वडा नं २ | औषधोपचार सहयोग | १० हजार | सामजिक सहायता कोष |
| ३ | महेन्द्र डोम अर्जुनधारा-८ | औषधोपचार सहयोग | १० हजार | सामाजिक सहायता अनुदान |
| ४ | स्वस्तिका सापकोटा अर्जुनधारा-११ | औषधोपचार सहयोग | १० हजार | सामाजिक सहायता अनुदान |
| ५ | राजन थापा, अर्जुनधारा-९ | औषधोपचार सहयोग | १० हजार | सामाजिक सहायता अनुदान |
| ६ | जैतुन खातुन वडा नं ५ | औषधोपचार सहयोग | १० हजार | सामाजिक सहायता अनुदान |